ककनी गाउँपालिका

# ककनी गाउँ कार्यपालिकाको कार्यालय

रानीपौवा, नुवाकोट

३ नंम्बर प्रदेश, नेपाल

फोन नंम्बर ०१०४११०५५/०१०४११०२२

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति, २०७५/०६/०२ )

यस ककनी गाउँपालिकाको लागि पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा अर्न्तगत रहने गरी सिभिल इन्जिनियर पदमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी स्थायी दरबन्दीमा नियुक्त भई आएमा स्वतः हट्ने गरी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यससम्बन्धी दरखास्त फाराम, दरखास्त दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.kakanimun.gov.np बाट उपलब्ध हुनेछ ।

आवश्यकता सम्बन्धी विवरण

१.पद : सिभिल इन्जिनियर

२. संख्या : १ (एक)

३. कार्य गर्नुपर्ने स्थान : ककनी गाउँपालिका क्षेत्र भित्र

पारिश्रमिक : नेपाल सरकारको प्रचलित नियामानुसार ।

४.न्यूनतम शैक्षिक योग्यता : नेपाल सरकारवाट मान्यता प्राप्त विश्वविद्यालयवाट Civil Engineering मा स्नातक (BE) उत्तीर्ण गरेको

५.उमेर : पुरुषको हकमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तथा महिलाको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनुपर्ने ।

७. दरखास्तमा संलग्न गर्नुपर्ने काजातहरु : दरखास्त फाराम, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको प्रमाणपत्र । संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

८. परीक्षा दस्तुर : १००० (एक हजार मात्र)

९. परीक्षा फाराम तथा दस्तुर बुझाउने स्थान : गाउँकार्यपालिकाको कार्यालय, रानीपौवा

१०. छनोट प्रक्रिया : ककनी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७५ मा तोकिएबमोजिम ।

११: सम्पर्क मिति : २०७५/०६/१७

१२. परीक्षा मिति : सम्पर्क मितिमा तोकिने

(नोट : यस अगाडिको विज्ञापनमा आवेदन दिएका उमेद्वारहरुलाई यस विज्ञापन बमोजिमको परीक्षा दस्तुर बुझाएको भौचर बुझाए पश्चात मात्र परीक्षामा समावेश गरिनेछ ।)

सन्तोषकुमार दाहाल
प्रमुख प्रशासकीय अधिकृत

ककनी गाउपालिका

# ककनी गाउँ कार्यपालिकाको कार्यालय

रानीपौवा, नुवाकोट

३ नंम्बर प्रदेश, नेपाल

फोन नंम्बर ०१०४११०५५/०१०४११०२२

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति, २०७५/०६/०२ )

यस ककनी गाउँपालिकाको लागि  पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा अर्न्तगत रहने गरी सब इन्जिनियर  पदमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी स्थायी दरबन्दीमा नियुक्त भई आएमा स्वतः हट्ने गरी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यससम्बन्धी दरखास्त फाराम, दरखास्त दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.kakanimun.gov.np बाट उपलब्ध हुनेछ ।

आवश्यकता सम्बन्धी विवरण

१.पद      : सब इन्जिनियर

२. संख्या : ३ (तीन)

३. कार्य गर्नुपर्ने स्थान : ककनी गाउँपालिका क्षेत्र भित्र

पारिश्रमिक : नेपाल सरकारको प्रचलित नियामानुसार ।

४.न्यूनतम शैक्षिक योग्यता : नेपाल सरकारवाट मान्यता प्राप्त शिक्षण संस्थाबाट Civil Engineering मा कम्तिमा ३ वर्षे डिप्लोमा उत्तीर्ण गरेको

५.उमेर : पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तथा महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनुपर्ने ।

७. दरखास्तमा संलग्न गर्नुपर्ने काजातहरु : दरखास्त फाराम, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

८. परीक्षा दस्तुर : ७०० (सात सय मात्र)

९. परीक्षा फाराम तथा दस्तुर बुझाउने स्थान : गाउँकार्यपालिकाको कार्यालय, रानीपौवा

१०. छनोट प्रक्रिया : ककनी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७५ मा तोकिएबमोजिम ।

११: सम्पर्क मिति : २०७५/०६/१७

१२. परीक्षा मिति : सम्पर्क मितिमा तोकिने

सन्तोषकुमार दाहाल

प्रमुख प्रशासकीय अधिकृत

ककनी गाउपालिका

# ककनी गाउँ कार्यपालिकाको कार्यालय

रानीपौवा, नुवाकोट

३ नंम्बर प्रदेश, नेपाल

फोन नंम्बर ०१०४११०५५/०१०४११०२२

## सिभिल इन्जिनियरको कार्य विवरण

- पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन सम्बन्धी नीति निर्धारणमा प्राविधिक सहयोग गर्ने
- गाउँपालिकाबाट स्वीकृत योजनाहरु तथा सम्भाव्य योजनाहरुको सर्वेक्षण गर्ने
- गाँउँपालिस्तरीय योजनाहरुको लागत अनुमान तयार पार्ने
- गाउँपालिकाबाट सञ्चालित योजनाहरुको अनुगमन तथा प्राविधिक मूल्याङ्कन गर्ने
- सञ्चालित योजनाको कार्य सम्पन्न मूल्याङ्कन प्रतिवेदन तयार पार्ने
- विभिन्न योजनाहरुको स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्ने
- शाखासँग सम्बन्धित अन्य सम्पूर्ण प्राविधिक कार्यहरु गर्ने
- गाँउपालिका एवम् प्रमुख प्रशासकीय अधिकृतले तोकेका अन्य कार्यहरु गर्ने

## सब इन्जिनियरको कार्य विवरण

- गाउँपालिकाबाट स्वीकृत योजनाहरु तथा सम्भाव्य योजनाहरुको सर्वेक्षणमा प्राविधिक सहयोग उपलब्ध गराउने
- गाँउँपालिस्तरीय योजनाहरुको लागत अनुमान तयार पारी शाखा प्रमुख समक्ष पेश गर्ने
- गाउँपालिकाबाट सञ्चालित योजनाहरुको अनुगमन तथा प्राविधिक मूल्याङ्कन गरी शाखा प्रमुख समक्ष पेश गर्ने
- सञ्चालित योजनाको कार्य सम्पन्न मूल्याङ्कन प्रतिवेदन तयार पार्ने
- विभिन्न योजनाहरुको स्थलगत निरीक्षण गरी स्वीकृतिका लागि पेश गर्ने
- शाखासँग सम्बन्धित अन्य प्राविधिक कार्यहरु गर्ने
- गाँउपालिका, शाखा प्रमुख एवम् प्रमुख प्रशासकीय अधिकृतले तोकेका अन्य कार्यहरु गर्ने